कृषि तथा वन विज्ञान विश्वविद्यालय

परीक्षा नियन्त्रण कार्यालय

रामपुर, चितवन

प.नि.का.च.नं.....२०७९/८०

मिति: २०८०।०९।०४

ONLINE परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि संकाय अन्तर्गत शैक्षिक सत्र २०७६/०७७ मा संचालित **B.Sc.Ag.** र पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०७५/०७६ मा संचालित **B.V.Sc.&A.H.** मा भर्ना भई अध्ययनरत विद्यार्थीहरुले क्रमश: छैठौं र आठौं सेमेष्टरहरुको नियमित परीक्षा र सो शैक्षिक कार्यक्रमहरुको विभिन्न शैक्षिक सत्रहरुमा भर्ना भई अध्ययनरत उक्त सेमेष्टरहरुको मौका परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरुले आंशिक परीक्षामा सम्मिलित हुन मिति २०८०/०९/०५ देखि मिति २०८०/०९/१६ गते राती १२:०० बजे अगावै नियमित शुल्क र मिति मिति २०८०/०९/१७ देखि मिति मिति २०८०/०९/१९ गते राती १२:०० बजे अगावै बिलम्ब शुल्कमा परीक्षा आवेदन फाराम भर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

परीक्षा आवेदन फाराम **form.afu.edu.np** मा उपलब्ध हुनेछ ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो upload गर्नु पर्नेछ ।

२. नियमित र आंशिक परीक्षामा सम्मिलित हुनको लागि प्रत्येक सेमेष्टरको अलग अलग परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु.१०० का दरले बुझाउनु पर्नेछ । सम्बन्धन प्राप्त कलेजको हकमा परीक्षा शुल्क रु. २०००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको समय अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्ब शुल्क लाग्नेछ ।

।

२०८० साल पुष १७ गते	रु.३००।-
२०८० साल पुष १८ गते	रु.५००।-
२०८० साल पुष १९ गते	रु.११००।-

परीक्षा आवेदन फाराम भर्ने Portal को Online Payment Link बाट मात्रै परीक्षा शुल्क रकम भुक्तानी गर्नु पर्नेछ ।

३. आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् ।

४. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुनु भन्दा २ (दुई) दिन अगाडि विद्यार्थी स्वयम्ले download गर्न सक्नेछ

५. उक्त फाराम भर्ने क्रममा कुनै समस्या आएमा वा त्रुटि भएमा सम्बन्धित संकायमा सम्पर्क राख्नुहोला ।

६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website www.afu.edu.np** बाट पनि हेर्न सकिनेछ ।

.....

प्रा.डा. शुनिला राई

परीक्षा नियन्त्रक